श्री

**उच्च अदालत जनकपुर**

**संयुक्त इजलास**

इजलास नं.-५

**माननीय न्यायाधीश श्री नरिश्वर भण्डारी**

**माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल**

**फैसला**

निर्णय नं.- ८३४

मुद्दा नं. ०८०-**DP**-०५७४

रजिष्ट्रेशन नं.- ०६-०८०-०२२४९

बद्री दास कथवनियाको छोरा जिल्ला सर्लाही साविक बरहथवा गा.वि.स. वडा नं. ८ हाल बरहथवा नगरपालिका वडा नं. ७ बस्ने सुरेन्द्र दास कथवनिया........१ } **पुनरावेदक** **प्रतिवादी**

विरुद्ध

जिल्ला सर्लाही गा.वि.स. वरहथवा वडा नं. ६ हाल बरहथवा नगरपालिका वडा नं. ७ बस्ने रामलाल कुस्वरको श्रीमती मंगली कोस्वार............................१ } **प्रत्यर्थी** **वादी**

**मुद्दा :- मोही नामसारी।**

शुरु निर्णय गर्ने कार्यालय :- भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

शुरु निर्णय गर्ने कार्यालय प्रमुख :- श्री पनिलाल यादव

शुरु निर्णय मिति :- २०८०।०९।०८

शुरु मुद्दा नं.:- मि.नं. २४४३

पुनरावेदन दर्ता मितिः- २०८०/१०/२८

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५५ बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पुनरावेदनपत्र दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस अदालतको ठहर र तपसिल यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. विपक्ष जग्गाधनीको नाममा दर्ता रहेको जि.स.गा.वि.स. गंगापुर सितापुर वडा नं. ८(ख) कि.न. १२७७ क्षेत्रफल ०-६-६$^{१/२}$ तथा ऐ.ऐ.कि.नं.१२८० को ज.वि. ०-०-३ समेत जग्गाको मोही

महलमा म निवेदिकाको एकासगोलको पति स्व. रामलाल कोस्वारको नाउँ उल्लेख भई निज मोही आफू जिवित अवस्थामा भूमिसुधार लागु हुँदा १ नं. लगत भरी २ नं. अनुसुची सूचना प्रकाशित गराई ३ नं. मोहीयानी प्रमाण पत्र प्राप्त गर्नु भएको, सो प्रमाणहरु २०६० सालको दैवी प्रकोप भिषण बाढीमा नष्ट हुन गएको र सोही बखत नापी भएको बेला स्वर्गीय लोग्नेले फिल्डबुक उतारको जोताहा महलमा नाम उल्लेख गराई आफ्नो नाउँको मोही जग्गा जोती कमाई साल सालको बाली जग्गाधनीलाई आपसी सर सल्लाहमा घरसारैमा बुझाउँदै आउनुभएको थियो । निजको आफ्नो कालगतिले २०७६/०४/०१ मा परलोक भई निजको शेषपछिको हकखाने निजको एकमात्र श्रीमति म निवेदिका मंगली कोस्वार भएकोमा म निवेदकले नै जोतकोड गरी साल सालैको कुतवाली जग्गाधनीलाई आपसी सर सल्लाहमा घरसारैमा बुझाउँदै गरेकोले ती जग्गाको मोही हक भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम म निवेदिकाको नाउँमा नामसारी गरी पाउँ भन्ने निवेदक वादीको **माग दावी ।**

२. दावी जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जाको मोही महलमा विपक्षीको स्व.लोग्ने रामलाल कोस्वारको नाउँ अंकित भएको भएता पनि निज मोही आफू जीवित अवस्थामा उक्त दावी जग्गा मोहीमा कहिल्यै पनि नजोती नकमाई साल सालको बाली तत्कालीन जग्गाधनीलाई नबुझाई मोहीले गर्नुपर्ने काम कर्तव्य निर्वाह नगरेको र मोहीयानी हकको १ नं.,२ नं. र ३ नं. बमोजिमका प्रमाण समेत नभएकोले मोही नामसारी हुनुपर्ने होइन छैन, वादी दावी खारेज गरी पाउ भन्ने **प्रतिवादीको प्रतिउत्तर जिकिर ।**

३. वादी दावीको कि.नं.१२७७ को ज.वि. ०-६-६१/२ तया ऐ.ऐ. कि.नं.१२८० को ज.वि. ०-०-३ जग्गाको मोहीमा निवेदक वादीका पति रामलाल कोस्वारको नाउँ उल्लेख रहेको, निजले जोतकोड गरी मोहीले गर्नुपर्ने कर्तव्य गरी आइरहेको र निजको पतिको नाउँमा मोही लगतको अनुसूचीहरुको फोटोकपी दाबी संलग्न भएको देखिदा फिराद दावी अनुसार मोही नामसारी हुने ठहर्छ भन्ने **भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाहीको निर्णय।**

४. उक्त फैसलामा चित्त बुझेन । भूमि सम्बन्धी नियमावली, २०२१ को नियम ३ बमोजिम १ नं. लगत, अर्काको जग्गा जोत्नेले जग्गा धनी देखाई भरे बमोजिम सम्बन्धित वडामा लगत प्रकाशित भएको २नं. अनुसूची, ४ नं. जोताहा अस्थाई निस्सा वा ३ नं. मोही प्रमाण-पत्र पाएको व्यक्ति मात्र मोही हक प्राप्त व्यक्ति हो । ती आधारभूत प्रमाण प्रत्यर्थी वादीबाट पेश भएको छैन । मोही हक प्राप्त भएकोमा मात्र स्थापित हक नामसारी हुने हो । निजको पतिको मोही हक स्थापित भएको कुनै पनि प्रमाण वादीले पेश नगरेको देखिन्छ। वादीले पेश गरेको सर्जमिन र सिफारिसमा कि.नं.१६८ को क्षे.फ.०-५-६ जग्गाको मोही नामसारी सिफारिस र मुचुल्का गरेको देखिन्छ । वादी दावीको जग्गा सम्बन्धमा कुनै पनि सिफारिस र सर्जमिन देखिँदैन । अर्को तर्फ कि.नं.११७७ को जग्गा नामसारी माग गरेको छ । नामसारी निर्णय गर्दा कि.नं. १२७७ को जग्गा नामसारी गर्ने निर्णय गरिएको छ । भूमि सुधार तथा मालपोत कार्यालयबाट प्रमाणको उचित मूल्याङ्कन नगरी गरिएको निर्णय त्रुटिपूर्ण रहेकोले बदर गरी फिराद दावी नपुग्ने थरी इन्साफ पाउँ भन्ने व्यहोराको प्रति**वादीको यस अदालतमा दायर भएको पुनरावेदन पत्र।**

## अदालतको ठहर

५. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्र सहितको मिसिल, शुरु मिसिल र लगाउमा रहेको मोही लगत कट्टा मुद्दाको मिसिल समेत अध्ययन गरियो।

६. पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री चन्द्र कुमार शर्माले कानून बमोजिम मोही स्थापित हुने १ नं. लगत, २ नं. अनुसूची र ३ नं. मोही प्रमाणपत्र वा ४ नं. जोताहाको अस्थायी निस्सा समेतका आधारभूत र ठोश प्रमाण प्रत्यर्थी वादीले पेश गर्न नसकेकोमा फिराद दावी र स्थलगत सरजमिनका आधारमा मात्र मोही हक नामसारी हुने ठहर भएको शुरु भूमिसुधार तथा मालपोत कार्यालय सर्लाहीको फैसला त्रुटीपूर्ण रहेकोले बदर गरी प्रतिवादी जग्गाधनीको एकलौटी हक कायम हुने गरी हक इन्साफ हुनु पर्छ भनी बहश प्रस्तुत गर्नु भयो ।

७. उपरोक्त तथ्य र बहश बुँदा रहेको प्रस्तुत मुद्दामा शुरु भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाहीबाट भएको निर्णय मिलेको छ, छैन र प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्छ, सक्दैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

८. निर्णयतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा विपक्षी जग्गाधनीको नाउँमा दर्ता रहेको जि.सर्लाही गा.वि.स. गंगापुर सितापुर वडा नं. ८(ख) कि.नं. १२७७ श्रेत्रफल ०-६-६$^{१/२}$ तथा ऐ.ऐ.कि.नं.१२८० को ज.बि. ०-०-३ समेत जग्गाको मोहीमा स्व.लोग्ने रामलाल कोस्वारको नाउँ उल्लेख भएकोमा निज कालगतिले परलोक भई निजको शेषपछिको हकखाने निजको एकमात्र श्रीमति निवेदक मंगली कोस्वार भएकोले निवेदकको नाउँमा मोही नामसारी गरी पाउँ भन्ने निवेदन दावी र निवेदन दाबीका जग्गाको जग्गाधनीदर्ता प्रमाण पुर्जाको मोही महलमा विपक्षीको स्व. लोग्ने रामलाल कोस्वारको नाउँ अंकित भएको भएता पनि मोहीयानी हकको १ नं.,२ न.,३ नं. र ४ नं. प्रमाण नरहेको, निज मोहीले उक्त जग्गा कहिल्यै पनि नजोतेको र कूतबाली समेत नबुझाएकोले मोही नाममारी हुनुपर्ने होइन भन्ने प्रतिउत्तर जिकिर रहेकोमा मोहीले गर्नुपर्ने कर्तव्य गरी आइरहेको र निजको पतिको नाउँमा दावी संलग्न मोही हक रहेको देखिने प्रमाण पेश भएको भनी मोहीले नामसारी तर्फ लिएको दावी पुग्ने ठहरी शुरु निकायवाट निर्णय भएको देखिन्छ।

९. उक्त फैसला उपर चित्त नबुझाई प्रतिवादीले यस अदालतमा पुनरावेदन गरेको र उक्त पुनरावेदनमा आफूसँग भएको मोही हक प्रमाण-पत्र नासिएको मासिएको भए सम्बन्धित कार्यालयबाट प्रमाणित नक्कल लिई फिरादसाथ पेश गर्न सक्नु पर्नेमा आधारभूत प्रमाण विना मोही कायम हुन नसक्ने अवस्थामा निवेदक वादीका पतिको नाउको मोही हक निवेदक वादीका नाउमा मोही नामसारी हुने गरी भूमिसुधार तथा मालपोत कार्यालय सर्लाहीको मिति २०८०।९।८ को निर्णय मिलेको नदेखिदा वदर गरी पाउँ भन्ने मुख्य जिकिर रहेको देखिन्छ।

१०. स्व. रामलाल कोस्वार र प्रत्यर्थी वादी मंगली कोस्वार पति पत्नी रहे भएको तथ्यमा कुनै विवाद रहेको छैन । यसै लगाउमा रहेको मोही लगत कट्टा मुद्दामा वादीले दावी गरेका जग्गामा रामलाल कोस्वार मोही रहेकोले निजको लगत कट्टा गरी पाउँ भनी मोहीको अस्तित्वलाई स्वीकार गरी फिराद दिएको देखिन्छ । हाल कायम कित्ता नम्बर १२७७ र १२८० का साविकका कित्ता ७९

र १६४ को फिल्डबुकमा मोही रामलाल कोस्वार भन्ने र फिल्डबुकमा उल्लिखित उक्त साविक कित्ता नं. ७९ बाट कित्ता फोड हुँदा कित्ता नम्बर १२७७ र कित्ता नम्बर १६४ कित्ताफोड हुँदा कित्ता नम्बर १२८० कायम भएको भन्ने सो फिल्डबुक उतारको कैफियतमा ब्यहोरा उल्लेख भई प्रमाणित भइआएको देखिन्छ । भूमिसुधार तथा मालपोत कार्यालयको च.नं.५८५ मिति २०८०।५।५ को दर्ता श्रेस्ता प्रमाणित पत्र ब्यहोराबाट उपरोक्त दुवै कित्तामा रामलाल कोस्वार मोही रहेको देखाइएको छ । पुनरावेदक प्रतिवादी स्वयंले मोही लगत कट्टा मुद्दामा पेश गरेको पछिल्लो जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपिमा कित्ता नम्बर १२७७ र १२८० समेत उल्लेख भई मोहीमा रामलाल कोस्वार नै भन्ने उल्लेख भएको देखिएको छ । भूमिसुधार तथा मालपोत कार्यालयबाट मिति २०८०।५।२३ मा गरिएको स्थलगत सरजमिन मुचुल्कामा दावीको जग्गाको मोही रामलाल कोस्वार रही निजको पालामा निजले र निजको मृत्यु पछि पत्नी मंगली कोस्वारले जग्गा जोतभोग गरिरहेको भन्ने उल्लेख भएको समेत देखिन्छ ।

११. उपरोक्त प्रमाणिक पृष्ठभूमिमा दावीका जग्गामा मोही रहेको भन्ने नै देखिएको र साविकको मोहीको मृत्यु भई निजका पत्नीले जग्गा जोत भोग गरिआएको भन्ने समेत देखिएको छ । दावीका जग्गाको मोहीको लगत कट्टा गर्न यिनै पुनरावेदकले मोही लगत कट्टा मुद्दा दायर गरी सो मुद्दामा मोही लगत कट्टा हुन नसक्ने ठहरी शुरु भूमिसुधार कार्यालयबाट भएको निर्णयका उपर यिनै प्रतिवादीले दायर गरेको ०८०-DP- ०५७३ को पुनरावेदनमा शुरु कार्यालयको निर्णय नै सदर हुने गरी र यी जग्गाको मोही बाँडफाँड समेत हुने गरी सोही मितिमा भएको निर्णयका उपर यिनै प्रतिवादीले दायर गरेको ०८०-WO -११५० को उत्प्रेषण मिश्रित परमादेशको रिट समेत खारेज हुने गरी आज यसै इजलासबाट फैसला भएको छ । भूमिसम्बन्धी ऐन,२०२१ मा २०५३ र २०५८ सालमा भएको संशोधन पश्चात जग्गा आवाद नगरेको वा कूतवाली नबुझाएको कारणले मोही हक निष्कासन हुन नसक्ने कानूनी ब्यवस्था भएको देखिन्छ । तत्पश्चात यसै विषयमा दायर भएका केही मुद्दामा (नेकाप २०५६, अंक ७, निर्णय नम्बर ६७४६, नेकाप २०६२ अंक ५ निर्णय नम्बर ७५४९) सर्बोच्च अदालतबाट मोही निष्कासन र मोही लगत कट्टा हुन नसक्ने भनी फैसला गरी सिद्वान्त स्थापित गरिसकेको अवस्था समेत छ । मोहीले १ नं लगत, २ नं अनुसूची र ३ नं मोही प्रमाणपत्र वा ४ नं जोताहाको अस्थायी निस्सा पेश गर्न नसकेको भन्ने मात्र जिकिरका आधारमा फिल्डबुक, जग्गा दर्ता श्रेस्ता र जग्गा धनी प्रमाण पुर्जामा उल्लिखित मोहीको कानूनी अस्तित्व लोप हुन सक्तैन । यस स्थितिमा वादी दावीका जग्गामा मोही नामसारी हुने ठहर गरेको शुरु भूमिसुधार तथा मालपोत कार्यालयको निर्णय/फैसला अन्यथा भएको देखिंदैन । त्यस आधारमा सो निर्णय/फैसला बदर गरी फिराद दावी अनुसार मोही नामसारी हुन नसक्ने गरी इन्साफ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र सो समर्थित विद्वान वरिष्ठ अधिबक्ताको बहश बुँदासँग सहमत हुन सकिएन ।

१२. अतः माथि उल्लिखित प्रमाण र कारण समेतका आधारमा शुरु भूमि सुधार तथा मालपोत कार्यालय सर्लाहीको मिति २०८०।०९।०८ को निर्णय/फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

- माथि ठहर खण्डमा उल्लेख भए अनुसार शुरु भूमि सुधार तथा मालपोत कार्यालय सर्लाहीबाट भएको फैसला/निर्णय सदर हुने ठहरी फैसला भएकोले सोही फैसला अनुसार हुनुपर्ने हुँदा प्रस्तुत पुनरावेदनपत्रको रोहबाट केही गरिरहनु परेन।
- शुरु निर्णय/फैसला सदर भएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को प्रावधान बमोजिम प्रस्तुत फैसला उपर पुनरावेदन लाग्न नसक्ने भएकोले फैसलामा चित्त नबुझ्ने पक्षलाई पुनरावेदनको म्याद जारी गरिरहनु परेन।
- सरोकारवालाले प्रस्तुत फैसलाको प्रमाणित नक्कल माग गरे उच्च अदालत नियमावली, २०७३ को परिच्छेद १२ को प्रक्रिया अनुसार नक्कल दिनू।
- प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा ब्यवस्थापन सफ्टवेयरमा अपलोड गरी फैसलाको पिठमा जनाउनू।
- प्रस्तुत फैसला प्रमाणीकरण भएपछि यस अदालतको वेभसाइट र सूचना पाटीमा विवरण प्रकाशित गर्नू।
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको प्रतिलिपि संलग्न गरी शुरु मिसिल भूमिसुधार तथा मालपोत कार्यालय सर्लाहीमा फिर्ता पठाई पुनरावेदनपत्र सहितको रेकर्ड मिसिल नियमानुसार गरी यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

(नरिश्वर भण्डारी)
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

**फैसला लेखनमा सहयोग गर्नेः-**
शाखा अधिकृतः निशी झा
कम्प्युटर अपरेटरः सुभाष चौधरी

**इति सम्वत् २०८१ साल असार महिना १७ गते रोज २ शुभम् ...........................।**

फैसला प्रमाणीकरण मितिः २०८१।६।१ न्यायाधीश अदालतको छाप